
# नारायणबहादुर, *डबल एमएको* प्रस्ताव : गोर्खा विश्वविद्यालय

**गोर्खाली/नेपाली जनका लागि आफ्नो छुट्टै विश्वविद्यालय हुनुपर्छ भन्ने कुराको उठान सर्वप्रथम सन् १९२० को दशकमा, भारतमा पढ्न गएका नेपाली विद्यार्थी नारायणबहादुर मानन्धरले गरेका थिए।**



**देवेन्द्र उप्रेती**



स्रोत : त्रिचन्द्र क्याम्पस, २०८१

**नारायणबहादुर मानन्धर, डबल एमए**

उच्च शिक्षाका लागि नेपालमा आफ्नै विश्वविद्यालय खोल्नुपर्छ भन्ने बहसको थालनी कहिले शुरू भयो होला ? र, यस्तो बहस शुरू गर्ने वास्तवमा को थिए होला ? धेरैलाई लाग्न सक्छ– २००७ सालको क्रान्तिसँगै नेपालमा विश्वविद्यालय खोल्ने बहस शुरू भएको हुनुपर्छ। र, यस्तो बहसको उठान शिक्षाका अधिकारी, शिक्षाविद्, मन्त्री या राजा-महाराजा कसैले गरेको होला ! तर होइन।

त्यसैगरी, उच्च शिक्षाको इतिहासमा धेरथोर चासो राख्ने केहीले २००६ सालमा, मोहनशमशेर सत्तारुढ भएका बखत विश्वविद्यालय गठनका लागि भएका केही सरकारी प्रयत्नलाई नेपालमा विश्वविद्यालय खोल्ने बहसको थालनी मान्न सक्लान्। तर, त्यो पनि होइन।

गोर्खाली/नेपालीजनका लागि आफ्नै विश्वविद्यालय हुनुपर्छ भन्ने कुराको उठान सर्वप्रथम सन् १९२० दशकको अन्त्यतिर, चन्द्रशमशेरको शासनकालमा, ब्रिटिश-भारतमा पढ्न गएका एक नेपाली विद्यार्थीले गरेका थिए। र; नेपालमा छुट्टै विश्वविद्यालय स्थापना गर्नुपर्छ भन्ने ती सम्भवत: पहिला व्यक्ति थिए– नारायणबहादुर मानन्धर।

सन् १९३० को दशकपछि दरबार स्कूल र त्रिचन्द्र कलेजमा गणित पढाउने शिक्षक नारायणबहादुर मानन्धर आफ्ना शिष्य-सहकर्मीबीच त्यतिबेला 'नारायण माडसाब, डबल एमए' का रूपमा चर्चित थिए। केहीले उनको परिचयमा 'नारायणबहादुर, डबल एमए (गणित र संस्कृत)' लेखेको पनि भेटिन्छ। उनी आफैं पनि आफ्नो परिचयमा 'नारायणबहादुर, एमए (गणित र संस्कृत)' लेख्ने गर्थे। त्यसैले यो लेखमा पनि उनलाई 'नारायणबहादुर, डबल एमए' नै भनिएको छ।


नारायणबहादुरको जन्म सन् १९०६ मा रौतहटको गौरमा भएको भएको थियो। सन् १९२८ मा उनले बनारस हिन्दू विश्वविद्यालयबाट गणितमा एमए गरेका थिए। नेपालमा गणित विषयको विधागत इतिहास लेख्ने अधिकांशले उनलाई 'गणितमा एमए गर्ने पहिलो नेपाली'को रूपमा चिनाउने गरेको देखिन्छ। नेपालमा 'मोर्डन म्याथम्याटिक्स'को पठनपाठन भित्र्याउने श्रेय समेत धेरैले उनैलाई दिन्छन्।

मानन्धरले बनारसबाटै सन् १९२९ तिर संस्कृतमा आचार्य (एमए) र सन् १९३५ (संवत् १९९२) मा नेवारी भाषामा संस्कृतको प्रभावबारे विद्यावारिधि गरेका थिए। विद्यावारिधि गर्ने सम्भवत: उनी पहिलो नेपाली समेत हुन्। करीब ५५ वर्षअघि कमलप्रकाश मल्लले आफ्नो बहुचर्चित लेख *'द इन्टेलेक्चुअल इन नेप्लिज् सोसाइटी'* मा नारायणबहादुर मानन्धरलाई विद्यावारिधि गर्ने पहिलो नेपाली भनेका छन्।

लामो समय दरबार हाईस्कूल र त्रिचन्द्र कलेजमा गणित पढाएका नारायणबहादुर सन् १९७१ तिर छोटो समयका लागि त्रिचन्द्र कलेजको प्राचार्य (क्याम्पस प्रमुख) समेत बनेका थिए। सन् १९७४ मा उनको स्वर्गारोहण भयो।

## प्रस्तावित गोर्खा विश्वविद्यालय

चन्द्रशमशेरको शासनको अन्त्यतिर, देहरादुनबाट निस्कने अखिल भारतीय गोर्खा लिगको मुखपत्र *गोर्खा संसार* मा नारायणबहादुरले 'गोर्खा विश्वविद्यालयको आवश्यकता' शीर्षकमा एक लेख लेखेका थिए *(हे. तस्वीर)*। दुई अङ्क (सन् १९२९, वर्ष ३ [८] र ३ [९]) मा क्रमश: प्रकाशित सो लेखमा उनले प्रस्तावित गोर्खा विश्वविद्यालय सहित नेपाली समाजमा विद्या-शिक्षाको विस्तार सम्बन्धी मोटामोटी चार वटा विषय उठाएका छन्। पहिलो, नेपालमा स्कूल, कलेज खोल्ने क्रम शुरू भएकोमा प्रशंसा गर्दै उक्त लेखमा नारायणबहादुरले 'उच्च शिक्षाका लागि तत्काल गोर्खा विश्वविद्यालय स्थापना गरौं' भन्ने प्रस्ताव अगाडि सारेका छन्। उनी लेख्छन्– *"नेपालमा स्कूल ३ तथा कलेज बीएसम्म छ तथा आईएस्सीसम्म साइन्स पनि छ तर यत्तिले पनि मलाई*



( ६ ) गोर्खा संसार मङ्गलवार ता० १ जनवरी १९२९ ई०

"गोर्खा विश्वविद्यालयको आवश्यकता"

ले० नारायण बहादुर M. A. (गणित Mathematic हालमा Finall M. A.) Sanskrit का विद्यार्थि हिन्दु विश्वविद्यालय काशी

——:०:——

आधुनिक समय उन्नति को युगछ, संसार मा जता तिर नजर दौड छ तेतै नीर उन्नति निमित्त मनुष्यहरु यत्न गरी रहेको छन्। दुनिञा मा कोही पनी देश छैन जुन आज-कल चुपचाप बसेको छ जापान अस्तो सानु मुलुक पनी ४०।५० वर्ष मा कति उन्नति गरी सके को छ तथा तेस्को प्रसिद्धी दुनिञा भर मा कस्तो भयेको छ हामी हरु लाई दिनौं चाहिने 'सलाई' पर्यन्त जापान बाट ज्यादा आउन्छ जापान जस्तै अरु २ मुलुक को पनी उन्नति येस युग मा भई सकेको छ तसर्थ हामी गोर्खाली हरु लाई पनि उचित छ कि येस काल मा हामी हरु पनी आफ्नु जाति तथा आफ्नु देश को उन्नति गरौं। यो छैन कि नेपाल चुपचाप छ। श्री दयालु प्रभू वर्तमान प्रधान मंत्री को कृपाले नेपाल मा पनी उन्नति को चिह्न देखिन्छ। सबै विषय मा उन्नतिको आरम्भ पनी भै सके का छ। सबै प्रजा हरु शान्ति पूर्वक छन्। तर मेरो अभिलाषा येस्तो छ कि हामी गोर्खाली हरुले येस्तो धन आर्जन गर्ने पाऊं जस्को सहायताले सदा सर्वदा प्रसन्नता तथा शान्ति पाऊं तथा मनुष्य चोला लाई सफल गर्न सकूं। तपाईं हरु लाई शायद आश्चर्य हुन्छ कि यस्तो वस्तु के छ तथा मैले येस्तो किन भने को हो। तसर्थ तपाईं हरु लाई धेरे सोचन समय न दियेर म अघिनै तेस्को नाम बताइ दीने छु त्यो धन येस्तो छ कि जो चोर ले पनी चुसाउन सक्दैन दाई भाई हरु ले बांटन सक्दैन तथा खर्च गर्ना ले घट्दैन येस्तो धन अर्थात् विद्या को धन हाम्रो गोर्खाली जातिमा होस् भनेर मेरो इश्वर संग प्रार्थना छ।

विद्या ता असल धन छ तथा तेस्को प्रचार गर्नु पर्छ, तर अब यो प्रश्न आउंछ कि कसो गरेर विद्या प्रचार गर्नु पर्छ जवाब यो छ कि ठांउ २ मा पाठशाला, कालिज खोल्नु पर्छ हाम्रो श्री दयालु प्रभु प्रधान मंत्री को कृपाले नेपाल मा स्कुल ३ तथा कालिज बी० ए सम्म छ तथा आई० एस० सी० सम्म साईन्स पनी छ तर येत्ती ले पनी मलाई संतोष छैन। मेरो अभिलाषा छ कि नेपाल मा यौटा विश्वविद्यालय चांडो हुनु पर्छ येसतो म सुन्दछु कि तहाँ विश्वविद्यालय खुलने छ। तर अैले सम्म खुलेको छैन। मेरो पूर्ण आशा छ कि चांडै खुलन छ। जहा बी० ए० कालिज छ वहा विश्वविद्यालय चांडै खुलन को पूर्ण आशा छ। तर अब मेरो मन मा यो प्रश्न उठ छ कि तहां कस्तो विश्वविद्यालय खोलनु ठीक हुने छ। अर्थात् यहां एक दम अङ्गरेजी ढङ्ग को विश्वविद्यालय खोलनु ठीक हुंछ अथवा एक दम पुरानो सनातन ढङ्ग को गुरुकुल जस्तो खोलन ठीक छ। येस सम्बन्ध मा मेरो ता दुवै दल संग पूर्ण सहमत छैन मेरो अभिलाषा त यस्तो छ कि भली भली दुवै बाट ढङ्ग हुन पर्छ। मेरो समझ मा त संस्कृत हाम्रो देवभाषा हुना ले हामी हरु ले संस्कृत पढ्नु पर्छ तर अंग्रेजी एक दम न जान्दा आजकल दुनिञा को धेरै काम न चलने हुनाले अंग्रेजी पनी पढ्नु जरुरी छ तसर्थ दुवै भाषा पढ्नु पर्छ। तर हाम्रो गोर्खाली हरु लाई अंग्रेजी विदेशी भाषा हुनाले कठिन हुन्छ तथा अंग्रेजी द्वारा शिक्षा भये मा गोर्खाली हरु लाई कठिनाइ हुन्छ। तेसको बदला मा संस्कृत अथवा पर्वतिया द्वारा शिक्षा सरल हुने छ। तेसैले मेरा राय छ कि खोलनु लाई त 'संस्कृत' अथवा 'पर्वतिया' विश्वविद्यालय खोलनु पर्छ। तर अंग्रेजी पनी Compalsoly कापल्सरी राख्नु पर्छ। पर्वतिया हामी हरु को देशभाषा तथा राजभाषा हुनाले तेस्को द्वारा शिक्षा भये अति सरलता तथा सुगमता हुने छ। तर पर्वतिया को साथै साथ हामी हरु ले हिन्दी पनी जानन पर्छ किन भने हिन्दी भारतवर्ष भरी को राष्ट्र भाषा भने पनी हुन्छ। हिन्दुस्तानी भाषा हरु जति छन् तेस्मा हिन्दी भाषा मात्र राष्ट्र भाषा भन्न लायक छ। तेस्को कारण ३ छन्। प्रथम कारण त यो छ कि हिन्दुस्तानी भाषा जती छन् तेस्मा हिन्दी साह्रै सरल छ तथा हिन्दी बोलने हरु को संख्या दुइ तीहाइ को प्राय छ तथा आजकल पनी हिन्दी को सहायता ले भारतवर्ष को भिन्न २ जाति हरु आपुसमा बातचित गर्छन्। द्वितीय कारण छ हिन्दुस्तान मा जति देवता हरु को धाम छ तिन्मा सबै संयुक्तप्रान्त मा अथवा तेस्को नजीकमा धार छैन। तर मन्दा मेरो समझमा प्रसिद्ध कारण यो हो कि हिन्दुस्तानमा जतो हिन्दी भाषा बोलने छन् ती हिन्दुस्तानको मध्य माछन् तेस मध्य स्थान बाट हिन्दुस्तानको सबै भाग नजीक हर्छ। यो तिनै कारण ले हिन्दी राष्ट्र भाषा छ। तर यो पनि हामी हरु ले ख्याल राख्नु पर्छ कि पर्वतिया भाषा कस्तो भाषा छ। हाम्रो समझ मा ता पर्वतिया भाषा हिन्दीका रूपान्तर तथा हिन्दी का यौटा अंश मात्र छ। तसर्थ हिन्दी पनी यौटा Compulsory कापालसरी विषय राख्नु पर्छ।

संस्कृत अंग्रेजी, पर्वतिया (गोर्खाली) तथा हिन्दी भाषा को बारे मा ता हामी हरुले विचार गरी सकिउं तर अब यो विचार गर्न पर्छ कि पाठशाला मा 'भूगोल,' 'इतिहास' इत्यादि राख्नु पर्छ कि पर्दैन मेरो राय मा ता राख्नु पर्छ अवश्य राख्नु पर्छ। भूगोल त समस्त दुनिञाको पढ्नु पर्छ तर पर्वतिया अथवा हिन्दी मा पढ्नु पर्छ तथा भारत वर्ष को विशेष रुपले तथा तेस्मा पनि नेपाल राज्य को विशेष रुप ले पढ्नु पर्छ। इतिहास को सम्बन्ध मा त मेरो यो राय छ कि भारत वर्ष को इतिहास तथा विशेष रुपले नेपाल को इतिहास राख्नु पर्छ।

तर सिर्फ भाषा, भूगोल, इतिहास इत्यादि मात्रले विद्या को समाप्ति हुंदैन, आयुर्वेद, शिल्पकला इत्यादि को पनि जरुरत छ, इन विभाग पनि साइन्स को नवीन र आविष्कार को सहायमा लीनु पर्छ। डाक्टरी को सर्जरी, इन्जनीयारिङ्ग पनि सीख्नु पर्छ। यसै लाई अरु २ विषय को पढाई पनि विद्यालय मा चाहिन्छ तर नीति-धर्म को पढाई लाई पनि स्थान दिनु पर्छ।

(क्रमशः)

स्रोत : डिजिटल साउथ एसियन लाइब्रेरी, युनिभर्सिटी अफ सिकागो

'गोर्खा विश्वविद्यालयको आवश्यकता' शीर्षकमा सन् १९२९, जनवरी १ को *गोर्खा संसार* मा प्रकाशित नारायणबहादुरको लेखको पहिलो पृष्ठ।

*सन्तोष छैन। मेरो अभिलाषा छ कि नेपालमा यौटा विश्वविद्यालय चाँडो हुनुपर्छ। यस्तो म सुन्दछु कि त्यहाँ विश्वविद्यालय खुल्ने छ। तर अहिलेसम्म खुलेको छैन"* (*गोर्खा संसार*, १ जनवरी १९२९, पृष्ठ ६)। साथै, गोर्खा विश्वविद्यालयको स्थापनाले 'समस्त दुनियाँमा साँचो वीर तथा विद्वान् तथा विदुषी भएको स्वतन्त्र गोर्खा राजको मान बढ्ने' तर्क लेखमा उनले गरेका छन् (*गोर्खा संसार*, ८ जनवरी १९२९, पृष्ठ ७)।

दोस्रो; प्रस्तावित विश्वविद्यालय अंग्रेजी माध्यममा पठनपाठन हुने कि सनातनी ढङ्गको गुरुकुलीय– जहाँ संस्कृतमा पठनपाठन हुन्छ त्यस्तो हुने भन्नेमा विवाद गर्नुको सट्टा प्रस्तावित विश्वविद्यालयमा अंग्रेजी, संस्कृत, पर्वते र हिन्दी भाषाले मान्यता पाउनुपर्छ भन्नेमा उनको जोड देखिन्छ। प्रस्तावित विश्वविद्यालय बहुभाषिक हुनु किन आवश्यक छ भन्ने बारे उनी लेख्छन्– *"मेरो समझमा त संस्कृत हाम्रो देवभाषा हुनाले हामीहरूले संस्कृत पढ्नुपर्छ। तर अंग्रेजी एकदम नजान्दा आजकल दुनियाँको धेरै काम नचल्ने हुनाले अंग्रेजी पनि पढ्नु जरूरी छ। तसर्थ दुवै भाषा पढ्नुपर्छ। तर हाम्रा गोर्खालीहरूलाई अंग्रेजी विदेशी भाषा हुनाले कठिन हुन्छ ... त्यसको बदलामा संस्कृत अथवा पर्वतेद्वारा शिक्षा सरल हुनेछ। त्यसैले मेरो राय छ कि खोल्नलाई त 'संस्कृत' अथवा 'पर्वते' विश्वविद्यालय खोल्नुपर्छ। पर्वते हामीहरूको देशभाषा तथा राजभाषा हुनाले त्यस भाषाद्वारा शिक्षा भए अति सरल तथा सुगम हुनेछ। तर अंग्रेजी पनि अनिवार्य राख्नुपर्छ।"* (*गोर्खा संसार*, २ जनवरी १ १९२९, पृ.६)।

त्यसैगरी, हिन्दुस्तानमा हिन्दी राष्ट्र भाषाको रूपमा विस्तार हुँदै गएको र पर्वते भाषा पनि हिन्दी भाषासँग धेरै मिल्ने भएकाले नेपालमा खोलिने विश्वविद्यालयमा हिन्दी भाषालाई समेत स्थान दिनुपर्ने तर्क उनले लेखमा गरेका छन्। विश्वविद्यालयमा हिन्दी भाषाले मान्यता पाउनु किन जरूरी छ भन्नेबारे उनी लेख्छन्– *"...पर्वतेको साथ-साथ हामीहरूले हिन्दी पनि जान्नुपर्छ किनभने हिन्दी भारत वर्ष भरिको राष्ट्र भाषा भने पनि हुन्छ। हिन्दुस्तानी भाषा जति छन् त्यसमा हिन्दी भाषा मात्र राष्ट्र भाषा भन्न लायक छ।...तसर्थ हिन्दी पनि यौटा अनिवार्य विषय राख्नुपर्छ"* (*गोर्खा संसार*, १ जनवरी १९२९, पृ.६)। अर्थात्, नेपाल एक या अर्को हिसाबले हिन्दुस्तानबाट प्रभावित छ, त्यसैले हिन्दुस्तानमा बोलिने मुख्य भाषा हिन्दीले समेत विश्वविद्यालयमा स्थान पाउनुपर्छ।

तेस्रो; भूगोल, इतिहास, भाषा, नीति, धर्म, आयुर्वेद, शिल्पकलादेखि लिएर गणित, चिकित्सा, इन्जिनियरिङ लगायत विभिन्न विषयको पठनपाठन विश्वविद्यालयमा हुनुपर्ने तर्क उनको देखिन्छ। विश्वविद्यालयमा भूगोल र इतिहासको पठनपाठनमा जोड दिंदै उनले थप लेखेका छन्- "[विश्वविद्यालयमा] भूगोल त समस्त दुनियाँको पढ्नुपर्छ तर पर्वते अथवा हिन्दीमा पढ्नुपर्छ तथा भारत वर्षको विशेष रूपले तथा त्यसमा पनि नेपाल राज्यको विशेष रूपले पढ्नुपर्छ। इतिहासको सम्बन्धमा त मेरो यो राय छ कि भारत वर्षको इतिहास तथा विशेष रूपले नेपालको इतिहास राख्नुपर्छ" (*गोर्खा संसार*, १ जनवरी १९२९, पृ.६)। साथै, समाजमा पुरुष र स्त्रीको सामाजिक भूमिका फरक-फरक हुनाले विश्वविद्यालयमा स्त्रीलाई शिक्षा दिंदा 'गृहकार्य' सम्बन्धी विषय अनिवार्य गर्नुपर्छ भन्ने उनको राय देखिन्छ।

चौथो; विश्वविद्यालय सञ्चालनको लागि 'द्रव्य' आवश्यक पर्ने भए पनि नेपाली राज्यसहित धन भएका 'गोर्खा सरदार' हरूको

**नारायणबहादुरले लेखमा– 'सरकारले नेपाल राज्यभर सकिन्छ इन्ट्रेन्स (एसएलसी) सम्म नसके मिडिल स्कूलसम्मको पढाइ निःशुल्क र अनिवार्य गर्नका लागि कानून बनाउनुपर्छ' भनेका छन्।**

सहयोगमा नेपालमा तत्काल विश्वविद्यालय स्थापना गर्न समेत उनले अनुरोध गरेका छन्। उनी लेख्छन्– *"विश्वविद्यालयको निमित्त द्रव्यको जरूरी छ [तर] नेपालीहरू धेरै गरीब छन्। तर... आशा छ कि नेपालबाट जरूर शीघ्र विश्वविद्यालयको इन्तजाम हुनेछ"* (*गोर्खा संसार,* ८ जनवरी १९२९, पृ. ७)। सन् १९१८ मा चन्द्रशमशेरले स्थापना गरेको त्रिचन्द्र कलेजलाई नै विश्वविद्यालयको रूपमा विकास गर्न सकिने सम्भावनालाई समेत उनले यस लेखमा अगाडि सारेका छन्। उनी लेख्छन्– *"बीए कलेज [त्रिचन्द्र ?] लाई नै युनिभर्सिटी बनाए पनि हुन्छ तर त्यसका पास ब्रिटिश सरकारबाट मन्जुर भए सुनमा सुगन्ध हुन्छ"* (*गोर्खा संसार,* ८ जनवरी १९२९, पृ.७)।

एक फरक प्रसङ्गमा नारायणबहादुरले सरकारले जतिसक्दो धेरै प्राइमरी र मिडिल स्कूल खोल्दै नेपाल राज्यभर सकिन्छ इन्ट्रेन्स (एसएलसी) सम्म नसके पनि मिडिल स्कूलसम्मको पढाइ निःशुल्क र अनिवार्य गर्नका लागि कानून बनाउनुपर्छ भनेका छन्। अनिवार्य र निःशुल्क शिक्षाबारे उनी लेख्छन्– *"नेपाल राज्यभर... भए एन्ट्रेन्ससम्म नभए मिडिलको स्ट्यान्डर्डको पढाइ अनिवार्य अर्थात् सबैले अवश्य पढ्नुपर्ने सरकारी कानून बनाउनुपर्छ तर आरम्भमा त प्राइमरी स्ट्यान्डर्डको शिक्षा त कम्पल्सरी बाध्यतामूलक तथा निःशुल्क राज्यभरमा दिनुपर्छ"* (*गोर्खा संसार,* ८ जनवरी १९२९, पृ.७)।

नेपाल विश्वविद्यालय स्थापना गर्नुपर्छ भन्ने लेख लेख्न नारायणबहादुरलाई केले प्रेरित गऱ्यो होला ? यो प्रश्नको उत्तर पहिल्याउन कठिन छ। यद्यपि, बीसौं शताब्दीका शुरूआती दशकमा विशेषगरी मदनमोहन मालवीयको नेतृत्वमा बनारसमा बनारस विश्वविद्यालय (स्था. सन् १९१६) स्थापनाका लागि जुन प्रकारको सामुदायिक 'मोबिलाइजेसन' भएको थियो, यसबारे त्यहाँ अध्ययनरत नेपालीहरू प्रभावित थिए भन्ने अनुमान गर्न सकिन्छ। कमसेकम सूर्यविक्रम ज्ञवाली र धरणीधर कोइराला जस्ता त्यतिबेला बनारसमा पढ्दै गरेका व्यक्तिका संस्मरण अध्ययन गर्दा यस्तो अनुमान गर्न मिल्छ। झन्, नारायणबहादुर त सन् १९२० दशकको अन्त्यतिर सोही विश्वविद्यालयका विद्यार्थी बन्न पुगेका थिए। त्यसैले, नेपालमा आफ्नै छुट्टै विश्वविद्यालय खोल्नुपर्छ भन्ने विचार उनमा आउनुमा त्यतिबेला बनारसको शैक्षिक जागरणले काम गरेको हुनुपर्छ।